CIVIC ACTION TEAMS

# Nepal Coronavirus CivActs Campaign

अंक #८६

०६ ।९ ।२०७७

Coronavirus CivActs Campaign (CCC) ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुर्‍याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

## वैदेशिक रोजगार बोर्डको आ.व. २०७७/७८ को नीति तथा कार्यक्रममा कोभिड - १९ बाट प्रभावित कामदार लक्षित कार्यक्रम

वैदेशिक रोजगारीको क्रममा कोभिड - १९ लगायतका समस्याबाट प्रभावित भई फर्किएका नेपाली कामदारलाई वैदेशिक रोजगार कल्याणकाकारी कोषको आर्थिक क्षमता बमोजिम प्राथमिकताका आधारमा सञ्चालनमा ल्याईने सामाजिक, आर्थिक पुनर्एकीकरण कार्यक्रमहरु:

१. वैदेशिक रोजगारीबाट फर्केका कामदारहरुको सीप परीक्षण बापतको शुल्क सोधभर्ना

२. वैदेशिक रोजगारीबाट फर्किएकाहरुका लागि नि:शुल्क सीपमुलक तालिम

३. वैदेशिक रोजगारीबाट फर्किएकालाई उद्यमशीलता तालिम

४. मनोसामाजिक परामर्श सेवा

५. वैदेशिक रोजगारीबाट फर्किएका कामदारहरुलाई वित्तीय साक्षरता तालिम

६. स्थानीय तहको क्षमता अभिवृद्धि र अनुगमन

७. वित्तीय संस्थाबाट सहुलियतपूर्ण कर्जाका लागि समन्वय तथा सहजिकरण

स्रोत: https://cutt.ly/jhVg2qK

## नेपाल अपडेट



एक जना विरामी आफु सञ्चो भएपछि पैसाको मालाले सम्मान गरे पश्चात वरिष्ठ फिजिसियन डा. शुभेषराज कायस्थलाई

तस्विर: डा. शुभेषराज कायस्थको सामाजिक सञ्जालबाट साभार

### परिक्षण


पिसिआर परिक्षण: १,८७७,१८१

पोजेटिभ: २,५४,५१४

उपचाररत: ७,९७६

मृत्यु : १,७९५

सन्चो भएका : २,४४,७४३




Source: https://covid19.mohp.gov.np/#/

accountabilitylab NEPAL

# हल्ला र तथ्य



उद्यमीलाई सुरुवाती पूँजीका लागि सरकारले दुई प्रतिशत व्याजदरमा कर्जा दिने कार्यक्रम ल्याएको छ रे । कती समयको लागि र कती रकम दिने हो ?

नवप्रवर्तनकारी अविस्कार, उद्यम वा व्यवसाय सञ्चालनको लागि छनौट भएका प्रस्तावले लागतको बढीमा ५० प्रतिशत नबढ्ने गरी अधिकतम ५० लाख रुपैयाँ दुई प्रतिशत व्याजदरमा नवप्रवर्तन सुरुवाती पूँजीको रुपमा कर्जा पाउनेछन् । कर्जाको अन्तिम किस्ता बापतको रकम प्राप्त गरेको एक वर्ष भित्र सावाँ भुक्तानीको किस्ता बुझाउने अवधी प्रारम्भ हुनेछ । यसरी सावाँ चुक्ताको किस्ता बुझाउने अवधी प्रारम्भ भएको चार वर्षभित्र कर्जा सावाँको सम्पूर्ण किस्ता र व्याज समेत चुक्ता गरी सक्नु पर्नेछ ।


स्रोत: https://cutt.ly/YhCBYQc



अहिले त लक्षण देखिएका संक्रमितले पनि परीक्षण गराउन छाडे । यसले त जोखिम झनै बढाउने भयो नी ?

कोही कोभिड - १९ को लक्षण देखिई गाह्रो भएर घरमै बसिरहनु भएको छ भने, चाँडो भन्दा चाँडो स्वास्थ्यकर्मीको सम्पर्कमा आउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले अनुरोध गरेको छ । सरकारले कोभिड - १९ को परीक्षण तथा उपचार नि:शुल्क गरेकाले, यसरी परीक्षण गर्नु गराउनुपर्ने तथा उपचारमा अस्पताल जानुपर्ने व्यक्तिहरुलाई सहयोग गरी दिनुहुन परिवारका सदस्य, छिमेकी, टोलवासी तथा स्थानीय सबैलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले अनुरोध गरेको छ ।

स्रोत: https://cutt.ly/ShVhJxj



रेमिट्यान्स पहिलो वर्ष भन्दा यो वर्ष बढ्यो भन्छन् । वैदेशिक रोजगारीमा जानेको संख्या त बढेको हैन नी ?

चालु आर्थिक वर्षमा अघिल्लो वर्ष भन्दा रोजगारीका लागि श्रम स्वीकृत लिएर विदेश जानेहरुको संख्या ९६ प्रतिशतले घटेको छ । चालु आर्थिक वर्षको चार महिनामा तीन हजार ४६३ जना मात्र वैदेशिक रोजगारीका लागि गएकाछन् । जबकि, अघिल्लो आर्थिक वर्ष सोही समयमा यो संख्या ७९ हजार ६८० जना थियो । यसैगरी, साउनदेखि कात्तिकसम्मको अवधिमा वैदेशिक रोजगारीका लागि पुन: श्रम स्वीकृति लिने कामदारको संख्यामा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ७८.९ प्रतिशतले संकुचन आएको छ । पुन: श्रम स्वीकृती लिनेको संख्या अघिल्लो वर्षको तुलनामा ८० हजार ८९१ बाट घटेर जम्मा १७ हजार १०८ रहेको छ ।

स्रोत: https://mof.gov.np/uploads/document/file/kartik%20Bulletin_20201215094854.pdf



राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तरगत कस्तो अवस्थाका महिलाले सेवा पाउनेहुन ?

यस कार्यक्रम अन्तरगत ३४ जिल्लाका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाले सेवा पाउँछन् । त्यो भनेको, लगातार लामो प्रश्वास व्यथा लागि बच्चा जन्माउन कठिनाई भएको, गर्भमा नै बच्चाको मृत्यु भएको, गर्भवती अवस्थामा अत्याधिक शरिर सुन्निएको, सुत्केरी पश्चात अत्याधिक रक्तश्राव भएको, रक्त अल्पता भएको र स्थानीय स्वास्थ्य संस्थाबाट उपचार हुन नसकेका सुत्केरी तथा गर्भवती महिला भन्ने बुझिन्छ ।

स्रोत: https://mowcsc.gov.np/pwup-program#

WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन

१. तपाईको कन्ट्याक्ट लिस्टमा **+2760806146** एड गर्नुहोस्
२. माथिको कन्ट्याक्ट नम्बरमा **Nepal** लेखेर म्यासेज पठाउनुहोस्




**COVID-19**

को बारेमा बुझ्न नि:शुल्क हटलाईन

viamo द्वारा प्रस्तुत


कोभिड - १९ सम्बन्धी सिधैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट **३२१००** मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| | साउदी अरब | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|---|
| नेपाली | ३,३४,४५१ | ७१,१९३ | २६,००० | ४,०६,९१७ | २,२४,९०५ | १७,०५७ | ५००,००० | ३८,८६२ |
| संक्रमित | ३,६१,०१० | १,४७,९७९ | ९०,२८२ | १,४२,००१ | १,९३,५७५ | १,२७,६६७ | ९३,३०९ | ५०,५९१ |
| नेपाली संक्रमित | ५,२५० | २,१५० | ४५१ | २७,४१२ | ४,५०० | ३०० | ८१ | २७ |
| मृत्यु भएका नेपाली | ८४ | १२ | ३ | १८ | ३९ | १ | | |



- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या
- गन्तव्य राष्ट्रमा मृत्यु भएका नेपाली

स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

ShramikSanjal

## साउदी अरवमा कोभिड - १९ बिरुद्धको भ्याक्सिनको लागि आफ्नो नाम रजिस्टर गर्न "Sehhaty" मोबाईल एप्लिकेसन

यदी तपाई साउदी अरवमा हुनुहुन्छ भने, कोभिड - १९ बिरुद्धको भ्याक्सिनको लागि आफ्नो नाम रजिस्टर गर्न सक्नुहुन्छ । यसको लागि तपाईले आफ्नो मोवाईलमा **Sehhaty** नामको मोबाईल एप्लिकेसन डाउनलोड गर्नुपर्ने हुन्छ।

**Sehhaty** मोबाईल एप्लिकेसन एन्ड्रोईड प्ले स्टोर र एप्पल एप स्टोर बाट डाउनलोड गर्न सकीन्छ ।

### Sehhaty मोबाईल एप्लिकेसनबाट आफ्नो नाम रजिस्टर गर्ने तरिका:

१. कोभिड - १९ भ्याक्सिन सेलेक्ट गर्नुहोस् ।

२. तपाईले आफ्नो लागि हो कि, अरु कसैको लागि हो छान्नुहोस् । त्यसपछी नेक्स्ट बटन क्लिक गर्नुहोस् ।

३. अर्को पेजमा तपाईले आफ्नो विस्तृत विवरण ( मोवाईल नंम्बर, तपाईँ बसोबास गर्ने क्षेत्र र शहर) राख्नुहोस् ।

४. अब तपाईलाई तपाईँको पेशाको बारेमा सोधिन्छ, त्यसको जवाफ राख्नुहोस् ।

५. त्यसपछी स्वास्थ्य सम्बन्धी केही प्रश्नहरु सोधिन्छ । जसलाई तपाईले Yes/No भनेर उत्तर दिनु पर्ने हुन्छ ।

६. अब नेक्स्ट बटन क्लिक गरेर आफ्नो एप्लिकेसन पूर्ण गर्न सक्नुहुन्छ ।

**www.facebook.com/shramik.sanjal** बाट तपाई हेरेक आईतबार, बुधबार र शुक्रबार बेलुका **UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight)** हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ ।

accountabilitylab NEPAL

# $ फलो द मनी - खर्चको अर्थ

## २०७७ साल श्रावण मसान्त सम्म कोभिड - १९ को सन्दर्भमा भएको जम्मा खर्च

**१३ अर्ब ३७ करोड**

| संघिय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | प्रधानमन्त्री कोरोना रोकथाम तथा उपचार कोष |
|---|---|---|---|
| ३६% | ११% | ४५% | ८% |

## संघिय सरकारमा भएको खर्च शिर्षक

औषधी तथा स्वास्थ्य उपकरण
रु. १,७५,५२,४०,०००


क्वारेन्टाईन व्यवस्थापन
रु. ४,६९,४६,०००

स्वास्थ्य बीमा
रु. २,९३,८८,९६,०००

अन्य
रु. १,२४,७३,०००

मानव स्रोत साधन परिचालन
रु. ५,७४,४३,०००


## प्रदेश सरकारले गरेको खर्च





accountabilitylab NEPAL

# $ फलो द मनी - खर्चको अर्थ

## २०७७ साल असार मसान्तसम्म चिङगाड गाउँपालिका, सुर्खेतको आमदानिको स्रोत तथा खर्चको विवरण




चिङगाड गाउँपालिका, सुर्खेतले कोभिड - १९ मा २०७७ साल असार मसान्तसम्म गरेको आमदानिको स्रोत र खर्चको विवरण सार्वजनिक गरेको छ । प्राय पालिकाहरुले कोभिड - १९ मा भएको खर्च र आमदानीको स्रोत सर्वजनिक गरिरहेका छैनन् । यसैबिच, चिङगाड गाउँपालिकाले यो कुरालाई सार्वजनिक गर्नु आफैमा राम्रो थालनी हो । खर्चको विवरण नछुट्याउँदा खर्चको विश्लेषण गर्न भने कठिन छ । कोभिड - १९ को सम्बन्धमा राहत वितरणमा अरु पालिकामा भएको खर्चको तुलनामा चिङगाड गाउँपालिकामा भने त्यस्तो अधिक खर्च भएको देखिदैन । क्वारेन्टाईन सञ्चालन तथा व्यवस्थापन र औषधीमा गरिएको ठूलो खर्चलाई सकारात्मक मान्न सकिन्छ । कुल आमदानी १ करोड ५० लाख मध्ये, करिब १ करोड खर्च भईसकेको देखिन्छ । बाँकी रकम प्रभावकारी रुपमा खर्च गर्न अब पालिकाले अध्ययन गर्न जरुरी छ ।

नोटः हाम्रो उद्देश्य सरकारले गरेको राम्रो काम र छुट्याएको बजेटको बारेमा सबैलाई जानकारी होस र सो पश्चात यस विषयमा नागरिक र अन्य सरोकारवालाको बिचमा छलफल भई सरकारलाई प्रयाप्त पृठपोषण प्राप्त होस् भन्ने हो । यहाँ प्रस्तुत विवरण पूर्ण हैन । उपलब्ध माध्यमबाट संग्रह गरी राखिएको हो । थप सही तथ्यांक संकलन गरी परिमार्जन गर्दै जानेछौं । यसमा सबैले सहयोग गरिदिनुहुन अनुरोध गर्दछौं ।

accountabilitylab NEPAL

# फ्रन्टलाईनर्स भोईसेस



## राहुल कुमार साह

स्वास्थ्यकर्मी, जलेश्वर नगरपालिका, महोत्तरी

"कोभिड - १९ बाट जोगिन नेपाल भारत सीमाना बन्द गरिएपछि जलेश्वर नगरपालिका कार्यालयको स्वास्थ्य शाखाको निर्देशनमा मलाई सीमाना स्थीत मलिवारामा कोभिड हेल्प डेस्कमा खटाइयो । त्यहाँ मैले भारतबाट आउने नेपाली तथा भारततर्फ फर्किनेहरुको ज्वरो नाप्ने काम गरे । त्यसपछि म क्वारेन्टाईनमा खट्नुपर्ने भयो । घरमा जानकारी गराउँदा आमाबुवाले काममा जान रोक्नुभयो । तर, म निन्तर काममा गईरहें । क्वारेन्टाईनको ड्युटी सकिएपछि घरमा जाँदा छिमेकीहरु नजिक आउन डराउँथे । म संक्रमित छैन भन्दा पनि उनीहरु विश्वास गर्दैनथे । नियमित हात सफा गर्ने, मास्क प्रयोग गर्ने र दूरी कायम गर्ने गरेकोले मलाई अहिलेसम्म संक्रमण भएको छैन ।"

## ननु कुमारी दास

उपाध्यक्ष, पिपरा गाउँपालिका, महोत्तरी

"गतबर्ष भएको उपनिर्वाचनमा गाउँपालिकामा नयाँ अध्यक्ष चुनिनुभयो । नयाँ अध्यक्ष आएको तीन महिनामै कोरोना कहर शुरु भयो । मैले उप-निर्वाचन भन्दा अगाडिको पाँच महिनासम्म अध्यक्षकै हैसियतमा गाउँपालिकाको काम गरेकोले, कोभिडको बेला अध्यक्षलाई काममा धेरै सहयोग गरेँ । विशेष गरेर क्वारेन्टाईनमा बसेका व्यक्तिको गुनाँशो सम्बोधन गर्न र अनुगमन गर्न म प्रभावित कहाँ पुगिरहन्थेँ । अहिले भने गाउँपालिकामा स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखेर बजेट छुट्याउन निरन्तर दबाब दिने गरिरहेकी छुँ । "





## रामशंकर मिश्र


प्रमुख, जलेश्वर नगरपालिका, महोत्तरी

"कोभिडक सम्बन्धी राहत कोषको रकम वडा अध्यक्षहरुको जिम्मा लगाई वहाँहरुलाई स्वतन्त्र रुपमा काम गर्न दियौँ । खर्चको अनुगमन गर्न हामीले विपक्षी पार्टीका वडा अध्यक्षहरु सम्मिलित टोली नै बनाएका थियौँ । कोभिडको समयमा राहत नपाएका ब्यक्तिहरु गुनाँसो लिएर आएकै बखत हामीले तत्काल राहत उपलब्ध गरायौँ । जलेश्वर अस्पतालसँग समन्वय गर्नुका साथै हरेक कर्मचारीको स्वाब परीक्षण गरायौँ । जनताको बीचमा काम गर्नुपरेकै कारण धेरैजसो कर्मचारीहरु संक्रमित पनि भएका थिए । जसले गर्दा सेवा नै प्रभावित भएको थियो । तर, पछिल्लो समयमा सचेत र सामाजिक दूरी अपनाएर काम गर्दा जोखिम कम भएको छ ।"

accountabilitylab NEPAL

सही सूचना

# २०० भन्दा बढी कोभिड - १९ का सकृय संक्रमित रहेका जिल्लाहरू




माथिको चार्टमा २०० भन्दा बढी कोभिड - १९ का सकृय संक्रमित रहेका जिल्लाहरूलाई देखाईएको छ । अहिले नेपालका ६ वटा जिल्लाहरूमा २०० भन्दा बढी सकृय संक्रमितहरु रहेकाछन् । त्यस मध्ये तिन वटा काठमाण्डौ उपत्यकाका जिल्लाहरु रहेकाछन् । जम्मा सकृय संक्रमित मध्ये यि ६ वटा जिल्लामा रहेका सकृय संक्रमितको संख्या समग्रमा ७० प्रतिशत रहेकोछ । यो तथ्यांकले उक्त जिल्लहरूमा ससमुदायमा संक्रमण फैलिने जोखिम उच्च छ भन्ने देखाउँछ । ति जिल्लामा संक्रमण घटाउन सरकारले ठुलो संख्यामा परीक्षण र आईसोलेशनमा राख्ने योजना बनाउन जरुरी छ ।

स्रोत: HEOC, MoHP, SitRep

**DISCLAIMER**

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले विगत एक हप्तामा बिभिन्न व्यक्तिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219